मूल्याङ्कन
विभाग

**कर्मचारी सारांश // प्रतिवेदन २/२०१५**




Norad

# महिला अधिकार र लैङ्गिक समानताको हकमा नर्वेद्धारा गरिएको विकास सहयोगको मूल्याङ्कन - नेपाल अध्ययन प्रतिवेदनको कार्यकारी सारांश ।

यस प्रतिवेदनमा २००७ - २०१३ को बीच नर्वेद्धारा महिला अधिकार र लैङ्गिक समानताको हकमा पुऱ्याइएको विकास सहयोगको मूल्याङ्कन गरिएको छ। यो प्रतिवेदन तीन देशको मामला अध्ययन मध्ये एक हो। यी तीनै राष्ट्रको मामला अध्ययन नर्वेद्धारा गरिएको सहयोगको परिणाम आंकलन गरिएकोले यो अध्ययन समष्टिगत मूल्याङ्कनको भाग बनेको छ। यस प्रतिवेदनद्धारा नर्वेको विकास सहयोगमा महिला अधिकार र लैङ्गिक समानताको कार्य योजनामा ( लैङ्गिक कार्य योजना ) मा उल्लेखित चार प्राथमिकता अनुरुप भए वा नभएको पनि विश्लेषण गरिएको छ। उल्लेखित चार प्राथमिकता राजनीतिक सशक्तिकरण, आर्थिक सशक्तिकरण, महिलाविरुद्ध हिंसा, यौन र प्रजनन स्वास्थ्य अधिकार हुन्। मूल्याङ्कनले मुख्यतया तल उल्लेखित चार प्रश्नको संबोधन गर्ने प्रयास गरेको छ।

***१. प्रभावकारिता :*** महिला अधिकार र लैङ्गिक समानताको हकमा नर्वेजियन सहयोग कुन हदसम्म लक्षित परिणाम प्राप्त गर्न सफल भएको छ ?

**अध्ययन प्रायोजक :** नोराड मूल्याङ्कन विभाग

**मूल्याङ्कन टोली :** स्वीडिस इन्सटिच्युट फर पब्लिक एड्मिनिस्ट्रेसन र ओभरसिज डेभल्पमेन्ट इन्सटिच्युट तथा क्रिष्चियन मिकेलसन इन्सटिच्युटको सहकार्य

नेपाल प्रतिवेदनका लेखक ऐन्जेलिका अरबुलु (टोली प्रमुख), शैलेन्द्र सिग्देल र शुभेच्छा राणा।

***२. अलाइनमेन्ट*** (Alignment) : महिला अधिकार र लैङ्गिक समानताको हकमा नर्वेजियन सहयोग कुन हदसम्म लैङ्गिक कार्य योजनामा अनुरुप छ ?

***३. सान्दर्भिकता :*** महिला अधिकार र लैङ्गिक समानताको हकमा नर्वेजियन सहयोग कुन हदसम्म राष्ट्रिय प्राथमिकता, आवश्यकता र सम्भाव्यताको दृष्टिकोणबाट सान्दर्भिक छ ?

***४. दिगोपन :*** नर्वेजियन सहयोग कुन हदसम्म (सकारात्मक र नकारात्मक) महिला अधिकार र लैङ्गिक समानता सुधारका लागि राष्ट्रिय स्वामित्व कायम गर्नुको अलावा राष्ट्रिय संस्था र कार्यान्वयन निकायको क्षमतामा प्रभाव पारेको छ ?

## मूल्याङ्कन टोलीको विधी

नेपाल मामला अध्ययनमा दुई मुख्य विधि अपनाइएको छ। १. नर्वेजियन दूतावासद्धारा संचालन गरिएको महिला र बालिका अधिकार र लैङ्गिक समानता सम्बन्धी सान्दर्भिक दस्तावेजको समिक्षा जस्मा प्रत्यक्ष लक्षित कार्यक्रमहरु एवंम् लैङ्गिक प्रवाहीकरण गतिविधी पनि समावेश गरिएको छ। २. नर्वेको नेपाल स्थित दूतावासको सहयोगमा चयन गरिएको निम्नलिखित परियोजनाको गहन विश्लेषण गरिएका छन्।

***राजनीतिक सशक्तिकरण :*** नर्वेद्धारा अन्तर पार्टी महिला संजाल (IPWA) परियोजनालाई दिएको सहयोग यस मूल्याङ्कनमा समावेश भएको छ। अन्तर पार्टी महिला संजाल नीति निर्माण लगायत निर्णय लिने तह सम्ममा महिलाको प्रतिनिधित्व सुनिश्चत गर्ने समर्पित संगठन हो।

***उर्जा क्षेत्रमा लैङ्गिक आर्थिक सशक्तिकरण :*** राष्ट्रिय ग्रामिण र नवीकरणीय उर्जा कार्यक्रमको लैङ्गिक समानता र सामाजिक समावेशीकरण पक्षमा गरिएको सहयोगको मूल्याङ्कन । राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रमले ग्रामीण रोजगारीमा वृद्धि र जीवनस्तरमा सुधारको साथसाथै परम्परागत उर्जा श्रोतहरुमा निर्भरता कम गर्न तर्फ लक्षित छ ।

मूल्याङ्कन टोलीले सरोकारवालाहरुको अन्तरवार्ताको माध्यमबाट सरकारी कर्मचारी लगायत कार्यान्वयन गर्ने संस्थाहरुको राष्ट्रिय, जिल्ला र समुदाय तहका कर्मचारीहरुसंग जानकारी संकलन गरेको थियो । यी कर्मचारीहरु अनुभव र सिकाई, कार्यक्रम लाभान्वित समूह र अन्य समूदायका सदस्यहरुसंग गरिएका गहन अध्ययनले परियोजनाद्धारा महिला जीवन परिवर्तन गर्न दिइएको योगदान बारे सहज रुपमा बुझ्न मद्दत गरेको थियो । यसै क्रममा मूल्याङ्कन टोलीले परियोजना परिणाम तीन तहमा विभाजन गरेर वर्णन गरेको छ ।

***व्यवस्थित परिवर्तन :*** नियम/विनियममा परिवर्तन, अनुदान (funding) स्तर र राष्ट्रिय संवाद (जनता र राजनीतिज्ञको विचार) र निती निर्माण प्रक्रिया परिवर्तनका लागि के नर्वे सहयोगले केही योगदान दिएको छ ? के नर्वे सहायताले महिला अधिकार र लैङ्गिक समानतालाई वैधता (Legitimacy) प्रदान गर्न मद्दत गरेको छ ?

***परियोजना परिणाम :*** के नर्वे सरकारको सहयोगले महिला र बालिका सशक्तिकरण एंवम् मानिसको (सामुदायिक नेता, धार्मिक नेता जस्ता प्रभावशाली व्यक्ति) लैङ्गिक समानता प्रतिको मनोवृत्ति र व्यवहारमा परिवर्तन ल्याउन योगदान दिएको छ ?

***संस्थागत परिवर्तन :*** के नर्वे सरकारको सहयोग आफ्ना साझेदार संस्थाका (सरकारी संस्था, गैर सरकारी संस्था, नागरिक समाज र निजी क्षेत्र) लैङ्गिक समानता र महिला अभिकार प्रवर्धन गर्ने क्षमता विकास गर्न सफल भएको छ ?

महिला अधिकार र लैङ्गिक समानता सन्दर्भ अनुसार फरक हुने भएकोले र परियोजनाको दीर्घकालीन प्रभाव मूल्याङ्कन गर्न कठिन हुने गर्दा अध्ययन परिणाम तहका परिवर्तनमा केन्द्रित रहेको छ ।

## नेपालको सन्दर्भमा

नेपालमा अझै पनि एक दशक लामो आन्तरिक सशस्त्र द्वन्दको प्रभाव बाँकी छ । हालका वर्षहरुमा भएका ऐतिहासिक उपलब्धीहरु युद्धविराम, विस्तृत शान्ती सम्झौता (२००७), पहिलो संविधान सभाको चुनाव (२००८) र अन्तरिम संविधान हुन् । यी उपलब्धीहरुद्धारा महिला अधिकार स्थापित गरिएको छ । उदाहरणको रुपमा अन्तरिम संविधानमा उललेखित प्रजनन स्वास्थ्य अधिकार र समान सम्पत्तिबारे अधिकारलाई लिन सकिन्छ ।

नेपालले सह-शताब्दी विकास लक्ष्य (MDG) प्राप्त गर्ने हकमा पनि महत्वपूर्ण प्रगति गरेको छ । यी प्रगति साक्षरता, विद्यालय भर्ना र औसत आयुमा वृद्धिका साथसाथै शिशु र मातृ मृत्युदर घट्दै गएको छ । गोरखा भूकम्प अघि, नेपाल आठ मध्ये छ सह-शताब्दी लक्ष्य हासिल गर्ने मार्गमा थियो । तर यी प्रगती सबै जनसंख्यामा समान रुपमा पुऱ्याउन सकिएको छैन र सबैभन्दा सिमान्तकृत समूह (ग्रामीण क्षेत्रमा बसोबास गर्ने जातीय समूह लगायत) को अवस्था अझै दयनीय छ । उदाहरणका लागि पहाडी ब्राह्मण र पहाडी दलितको गरीबी संख्याको अन्तर लिन सकिन्छ । पहाडी ब्राह्मणको गरीबी संख्या १०% छ भने पहाडी दलितको गरीबी संख्या ४४% छ ।

लैङ्गिक असमानता सूचांक (GII) मा समावेश भएको १४९ देशमा, नेपाल ९८ औ स्थानमा पर्दछ । धर्म र सामाजिक प्रचलनहरुले मानिसको जिम्मेवारी र सामाजिक अवस्था निर्धारण गर्न अहम भूमिका निर्वाह गर्दछ । नेपाल अझै पनि पितृसत्तात्मक समाज हो जहाँ महिलालाई परम्परागत भूमिका प्रदान गरिएको छ । अहिले पनि घर वा सार्वजनिक जीवनमा महिलालाई धेरै कम निर्णय लिने अधिकार दिइएको छ ।

नेपालका महिला तथा बालिकाहरुले विभिन्न प्रकारका हिंसाको सामना गरि आएका छन् । केही अध्ययनले ४८% महिलाले जीवनको कुनै न कुनै समयमा हिंसाको अनुभव गरेको दाबी गरेको छ । अन्दाजी २००,००० नेपाली बालिका र महिलाहरु बेश्यावृत्तिको लागि भारत लगिन्छ भने काठमाडौमा मात्र करिब १३,००० यौन शोषण पीडित बालिका भएको अनुमान छ । साथै परम्परागत कुरीतिहरु जस्तै देउकी (धर्म आर्जन गर्न बालिकालाई स्थानीय मन्दिरमा भेटीको रुपमा चढाउने वा छौपडी महिलालाई महिनावारीमा घरबाट टाढा राखिने) जस्ता प्रचलनहरु जुन कानुनमा अवैध भएपनि प्रचलित छन् । यस्ता करीतिहरुले महिलाको सामाजिक, आर्थिक र राजनीतिक जीवनमा पूर्ण सहभागीतालाई प्रत्याभूत गर्न सकेको छैन ।

## निष्कर्ष

समग्रमा यस अध्ययनबाट महिला अधिकार र लैंगिक समानताको हकमा नर्वे सरकारको सहायताले महत्वपुर्ण भुमिका निभाएको देखिन्छ । नर्वेद्वारा प्रदान गरिएको सहयोगबाट लैंगिक संवेदनशीलतामा राष्ट्रिय क्षमता अभिवृद्धिको साथ साथै सरकार र नागरिक समाजको उर्जा जागरुपता बढाएको देखिन्छ । नर्वेद्वारा प्रदान गरिएको सहयोगबाट समलैङ्गिक, समलिङ्गी, बिषेकशिल र transgender समुदायलाइ आफ्नो अधिकारबारे वकालत गर्न सहयोग पुगेको छ ।

हाल संचालित कार्यक्रमहरुको विस्तार गर्न प्रयाप्त संभावनाहरु देखिन्छ । यसका लागी महिला तथा लैंगिक समानता अनुदानको रणनैतिक प्रयोगबाट सीमान्तकत र छरिएर रहेका महिलाहरुको हक हित प्रर्वद्धन गर्नुको अलावा दुतावास र राष्ट्रिय निकायहरुको लैङ्गिक सीप विकास गर्न पनि सकिन्छ । दुतावासको सरकारी संयत्र मार्फत कार्य संचालन गर्ने पद्धतिले राष्ट्रिय प्राथमिकता संग आवद्ध गर्नुको साथै यसको सार्न्दभिकता सुनिश्चित गरेको छ ।



**सान्दर्भिकता**

- दूतावासको राष्ट्रिय निकाय मार्फत कार्य संचालन पद्धतीले राष्ट्रिय प्राथमिकता र सान्र्दभिकता सुनिश्चित गरेको छ। राष्ट्रिय निकायहरुलाई सहयोग  कार्यान्वयन गर्न प्रदान गरिएको स्वायत्तताले राष्ट्रिय प्राथमिकता अनुरुप नीति निर्धारण गर्न दक्षता अभिवृद्धि गरेको छ।

- दूतावासको महिलाको राजनितिक सशक्तिकरणलाई दिइएको सहायता निकै सान्र्दभिक देखिन्छ। २००८ र २०१३ मा भएका संबिधानसभाको चुनाब स्थानीय निर्वाचनको संभावना र चालु नयाँ संबिधान निर्माणको लागी भएका निरन्तर बार्ताले नर्वेको सहायतालाई अझै सांदर्भिक तुल्याएको थियो।

- दूतावासद्धारा राष्ट्रिय ग्रमीण तथा नवीकरणीय उर्जा कार्यक्रमबाट पुर्याएको सहयोग नेपालको सामाजिक, आर्थिक परिपेक्षमा निकै सान्दर्भिक थियो। सहयोग ग्रमीण र विपन्न वर्गका महिलाहरुको लागी पहुँच पुर्याउन केन्द्रित रहेकोले थप सान्दर्भिक रह्यो। त्यसको अलावा प्रदान गरिएको विभिन्न उर्जा प्रविधिले महिलाले गर्दै आएको परम्परागत घरधन्दाको बोझ कम गर्न ठुलो मदत गरेको छ।

**प्रभावकारिता**

- ***क्रमबद्ध परिवर्तनको हकमा :***

- नर्वे दूतावासको सहयोगले नागरिक समाजलाई आवश्यक ज्ञान र उपकरण (tools) प्रदान गरि लैंगिक हकमा राष्ट्रिय छलफलको परिवेशमा स्थापित गर्न ठूलो सहयोग पुऱ्याएको छ। उदाहरणका लागि अन्तरपार्टि महिला संजाललाई नर्वेद्धारा गरिएको सहयोगलाई लिन सकिन्छ। अन्तर पार्टि महिला संजालबाट संचालित कार्यक्रमबाट महिलाहरुको सचेतनामा ठूलो परिवर्तन भएको हुनाले महिलाहरुको चुनाव प्रक्रियाबाट राजनैतिक सहभागिता अभिवृद्धि, आवश्यक चुनावी कानून र नामाकंन प्रक्रियामा परिवर्तन भएको छ। चुनावको दौरान महिलाहरुले भोग्नु पर्ने चुनौतीहरु सामना गर्न आवश्यक नीति र प्रक्रिया सुधारको लागि नर्वे सरकारबाट सहयोग प्रदान गरिएको छ।

- २०११ मा पहिलो राष्ट्रिय महिला, शान्ती र सुरक्षा सम्बन्धी कार्य योजना विकास गर्न दूतावासबाट महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ। यो राष्ट्रिय कार्य योजना संयुक्त राष्ट्रिय सुरक्षा परिषद्को संकल्प १३२५ र १८२० लागु गर्ने राष्ट्रिय संयन्त्र हो। संकल्प १३२५ ले द्वन्दमा महिला माथि हुने असमान व्यवहार साथसाथै महिलाको द्वन्द व्यवस्थापन, द्वन्द समाधान र दिगो शान्तीमा रहेको महत्वपूर्ण भूमिकालाई संवोधन गर्छ भने १८२० ले द्वन्द विशेष यौन हिंसालाई संवोधन गर्छ।

- शिक्षाको क्षेत्रमा दूतावासबाट नेपाल सरकारलाई विशेष गरी बढी संवेदनशील समूह (बालिका, बालबालिका, अपाङ्गता भएका बालबालिका र तल्लो जातका बालबालिका) को शिक्षामा पहुँच तथा गुणस्तरीय शिक्षाको लागि सहयोग प्रदान गर्दै आएको छ।

- उर्जा क्षेत्रमा दूतावासले सरकार नर्वे र अन्य विकास साझेदारहरुसंग संझौता गरी लैङ्गिक दृष्टिकोणबाट उर्जा विकास गर्ने वातावरण सिर्जना गरेको छ। साथै नर्वेद्धारा सहयोग प्रदान गरिएको राष्ट्रिय ग्रामीण र नवीकरणीय उर्जाको सरकारी संस्थामा सकारात्मक प्रभाव परेको देखिन्छ। यी संस्थाहरु विशेष गरी कमजोर समूहलाई अधिकारमा आधारित सशक्तिकरण गर्दै आइरहेका छन्।

- ***दूतावासको सहयोग परियोजना तहमा महिला सशक्तिकरणलाई प्रवर्धन गरी सकारात्मक प्रभाव पार्न गएको देखिन्छ।***

- दूतावासको अन्तर पार्टि महिला संजाललाई क्षमता अभिवृद्धि र चेतनामूलक कार्यक्रमको लागि सहयोग गरिएकोले उक्त कार्यक्रमबाट संजालको आन्तरिक व्यवस्थापनमा सुधारको साथै संजालको वैधानिकता र स्वीकार्यता पनि बढेको देखिन्छ। फलस्वरुप महिला नेतृहरु महिलाका सवालहरुमा आफ्नो दल र अन्य दलहरुलाई प्रभाव पार्न सक्षम भएका छन्।

- मूल्याङ्कनको क्रममो दूतावासद्धारा सहयोग प्राप्त गैर सरकारी संस्था, संकल्पले राष्ट्र संघको संकल्प १३२५ र १८२० को स्थानीय बुझाई सुनिश्चित गर्न निकै प्रभावकारी भूमिका खेलेको पाइयो।

- नर्वेजियन सहयोगी कार्यक्रमद्धारा सशक्त भएका (empowered) महिलाले आफ्ना समुदायमा रहेका लैङ्गिक हिंसा पीडित महिलालाई सहयोग (कानुन र आश्रयको पहुँच) गरी वर्तमान प्रणालीमा भएका अभावलाई कम गर्न मद्दत गरेको पाइयो।

- नर्वेको सहयोगले नेपालमा रहेका समलैङ्गिक, समलिङ्गी र विषेकशील समुदाय तथा कथित तेश्रो लिङ्गीको पूरा पहिचान दिलाउन मद्दत गरेको पाइयो। 'महिला' र 'पुरुष' को विकल्पको रुपमा 'अन्य' लाई पहिचान कार्ड र राहदानीमा समावेश गर्न लड्दै आएका यी समूहलाई नर्वेको समर्थन रहेको देखियो।

- दूतावसको राष्ट्रिय उर्जा तथा नवीकरणीय कार्यक्रमलाई पुऱ्याइएको सहयोगले उर्जा क्षेत्रमा महिला सहभागिता अभिवृद्धि भएको छ। महिलाको लागि शुरु गरिएको विभिन्न प्रविधिले घरेलु कार्यको बोझ कम गरेको छ। तसर्थ प्रविधिका कारण घरेलु कार्यको बोझ कम हुन गएकोले यसले महिलालाई आय आर्जन लगायत अन्य सामुदायिक गतिविधिमा सहभागी हुन समय प्राप्त भएको छ।

***सबल पक्ष***

- नर्वे सरकारको सहयोगको एक प्रमुख सबल पक्ष यसको दीर्घकालीन लगानी नीतिलाई मान्न सकिन्छ। यो नीति महिला अधिकार र लैङ्गिक समानतालाई प्रभाव पार्ने नकारात्मक मनोवृत्ति र व्यवहारको परिवर्तन गर्न सफल भएको छ।

- नर्वेजियन सहयोगको परियोजनाको डिजाइनले उर्जा क्षेत्रमा मुख्य सबल पक्ष भनेको परीयोजनाको प्रारुप हो । लैंगिक पक्षलाई कसरी ठोस र मापनयुक्त ढङ्गले हरेक क्षेत्रमा एकिकृत गर्ने भनी सुनीश्चित गरेको छ । प्रारुपमा कमजोर समुहसंग सम्बन्धित आय आर्जन गतिबिधि र अनुदान जस्ता विशेष प्राबधान समावेश भएका छन् । यस्ता प्रावधानको लक्ष्य ती कमजोर समुहको कार्यक्रमद्धारा दिइने सेवामा पहुँच सुनिश्चित गर्नु हो ।

**कमजोरी र अनुपेक्षित प्रभाव**

- नर्वे सहायताको सकारात्मक प्रभाव बाबजुद उर्जा क्षेत्र पुरुष प्रधान नै रहेको छ । यसले गर्दा परियोजना निर्माण, विष्लेषण र निर्णय प्रक्रियामा पुरुष दृष्टिकोण झल्किन्छ । तसर्थ महिलाको आरक्षण बाहेक अर्थपुर्ण सहभागिता एउटा ठुलो चुनौती रहेको छ र यसलाई संबोधन गर्न जरुरी देखिन्छ ।

- दुबै परियोजनाको केहि अनुपेक्षित प्रभाब रहेको देखिन्छ । विशेषगरी राजनीतिमा महिलाको सहभागीता बढाउन परियोजनाले महिलाको दोहोरो जिम्मेवारीलाई संवोधन गरिएको पाइएन । यस्ता दोहोरो जिम्मेवारी जुन महिलाले परम्परागत भूमिकाका साथ लिएको नयाँ जिम्मेवारीबाट आउने गर्दछ । न त यसले स्थापीत रानिनितिज्ञ बाहेक युवा पुस्ता र जातीय अल्प संख्यक महिलासम्म पुग्ने कोशिस गरेको छ । यी समुहलाई समाबेश गरिएको भए परियोजनाको गतिविधि अझै सान्दर्भिक र दिगो हुन सक्ने थियो ।

- संकल्प १३२५ को कार्यान्वयनको जिम्मेवारी शिक्षा मंत्रालय, शान्ती तथा पुर्ननिर्माण मंत्रालयसंग निहित छ । शान्ती तथा पुर्ननिर्माण मंत्रालय आफैमा अस्थाई संरचना हो । यसले संकल्पको संस्थागत सबलीकरण जस्ता सकारात्मक प्रभाव अल्पकालीन हुने देखीन्छ । साथै शान्ती तथा पुर्ननिर्माण मंत्रालयसंग काम गर्नु पनि व्यवस्थाले गर्दा दुतावासको महिला तथा बालबालिका र सामाजिक कल्याण मंत्रालयसंग हुने अन्तरक्त्रिया कम भएको छ । यस्तो महिलाको बिषयलाई संबोधन गर्ने मंत्रालयसंग हुने अन्तरकियाको कमीलाई दुतावासले गुमाएको अबसरको रुपमा हेर्न सकिन्छ ।

- नर्वेका राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जालाई दिइएको सहयोगले बिभिन्न जातिय समूदायका महिलालाई संगै ल्याई आफ्ना अनुभव बाँड्ने मंच पनि प्रदान गरेको छ । कमजोर आर्थिक स्थिति भएका समूहको आय आर्जन कार्यक्रमलाई मूलभूत रुपमा उनीहरुको दिगो विकासको रुपमा स्थापित गरिएको भए पनि यसले महिलाहरुको सामाजिक र आर्थिक स्तर उकास्न सकारात्मक प्रभाव पारेको देखिन्छ ।

> ***संस्थागत परिवर्तनका तहमा :***

- दूतावासको वैकल्पिक उर्जा प्रवद्धन केन्द्र (AEPC) संगको सहकार्यले एक महत्वपूर्ण र दीर्घकालीन प्रभाव पार्ने आशा गर्न सकिन्छ । दूतावासको राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उजालाई गरिएको सहयोगले वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्र भित्र लैङ्गिक समानता र सामाजिक समावेशीकरण इकाईका स्थापनाका साथसाथै विभिन्न लैङ्गिक सवाल सम्बोधन गर्ने उर्जा निती र उपकरण (tools) को विकासमा योगदान दिएको छ । नागरिक समाजलाई उर्जा कार्यक्रमको निगरानी प्रक्रियामा समावेश गरी लैङ्गिक पारदर्शिता र जवाफदेहीतालाई प्रर्वद्धन गर्न यस कार्यक्रमले सहयोग पुऱ्याएको छ ।

- दूतावास सहयोगबाट अन्तरपार्टि महिला संजालको संस्थागत क्षमताको विकास भएको छ । उदाहरणका लागि दूतावासद्धारा अन्तरपार्टि महिला संजालको स्थानीय तहमा प्रदान गरिएका आर्थिक सहयोगलाई लिन सकिन्छ । यसको कारण सबै जिल्लास्तरीय संजालहरुले हाल एक बैंक खाताका साथसाथै आर्थिक व्यवस्थापनको अनुभव प्राप्त गरेका छन् । केही जिल्लाहरुमा उनीहरु आफ्ना प्रयासलाई निरन्तरता दिन स्थानीय तहको श्रोत प्राप्त गर्न सक्ने भएका छन् ।

**दिगोपन**

> दूतावासको नेपाल सरकारको राष्ट्रिय कार्यक्रम र प्रक्रियाको माध्यमद्धारा कार्य गर्ने नीतिले गर्दा स्थानीय स्वामित्व बढ्नुको अलवा राष्ट्रिय परिप्रेक्ष्यमा कार्यक्रमहरु सान्दर्भिक पनि हुन गएको छ । नागरिक समाज र सरकारमा अपनत्व र सान्दर्भिकता महशुश हुनुको अर्थ नर्वेद्धारा प्रदान गरिएको सहयोग दिगो हुन सक्ने देखिन्छ । उदाहरणको लागि अन्तरपार्टि महिला संजाललाइ प्रदान गरिएको सहयोग यस्तो संस्थालाई प्रदान गरिएको सहयोग हो जस्को सदस्य सामूहिक लक्ष्य प्रति प्रतिवद्ध रहेका छन् । महिला राजनितिज्ञको हैसियतले अन्तरपार्टि महिला संजालको सफलता उनीहरुको सफलतासंग गासिएको हुनाले यसको सफलताको लागि प्रतिवद्ध देखिन्छन् ।

> लैङ्गिक संवेदनशील पद्दतीलाई एकल राष्ट्रिय कार्यक्रममा संलग्न गरेको नर्वे सहयोगले भविष्यमा उर्जा क्षेत्रमा लैङ्गिक सवाल अभिन्न हुने प्रतिवद्धता सुनिश्चित गरेको छ । यसले आर्थिक क्षेत्रमा महिला सशक्तिकरणको संभावना बढ्ने संकेत दिएको छ ।

> क्षमता वृद्धिमा केन्द्रित हुनु पनि दिगोपनको एक महत्वपूर्ण पक्ष हो । तर यो दिगोपन प्रशिक्षणको गुणस्तर र उपलब्धतामा निर्भर हुनेछ, जसलाई यस अनुसन्धानमा मूल्याङ्कन गरिएको छैन ।

## सिफारिसहरु

नर्वे सरकारबाट महिला तथा बालबालिकाको हक सुनिश्चित गर्न आफ्नो सहयोगलाई प्रभावकारी ढंगमा प्रयोग गर्न निम्नलिखित सुझावहरु प्रस्तुत गरिएको छ ।

***दूतावासको कर्मचारी र कार्यक्रम कार्यान्वयन गर्ने निकायको कर्मचारीमा लैङ्गिक तालिमको पहुँच अभिवृद्धि गर्ने :*** हालको व्यवस्थामा व्यक्तिगत रुपमा प्राप्त ज्ञान र सीपको आधारमा लैङ्गिक संवेदनशील पद्धती कार्यक्रमहरुमा



समुदायसँग सामूहिक छलफल : फोटो ऐन्जेलिका अरबुलु

अवलम्बन गरेको देखिन्छ । तर अहिले कर्मचारीहरुलाई औपचारीकरुपमा लैङ्गिक संवेदनशीलतामा प्रशिक्षण दिने प्रचलन रहेको छैन । दूतावासबाट क्षेत्रगत लैङ्गिक सम्बन्धी क्षमता विकास कार्यक्रम उपलब्ध गराउनु आवश्यक देखिन्छ । यस्ता प्रकारका क्षमता विकास कार्यक्रम उर्जा, आर्थिक विकास, सुशासन, जलवायु परिवर्तन जस्ता गैर परम्परागत क्षेत्रमा समेत प्रदान गर्नु पर्ने देखिन्छ । कार्यक्रम कार्यान्वयन गर्ने निकायको लैङ्गिक दृष्टिकोणका सकारात्मक परिवर्तनको लागि यस प्रकारको क्षमता अभिवृद्धि जरुरी देखिन्छ । जसले गर्दा कार्यक्रम दिगो हुन मद्दत पुग्छ । कर्मचारी भर्ना प्रक्रियामा लैङ्गिक क्षेत्रको ज्ञान र सीपमा जोड दिएमा यसबाट दूतावासलाई पनि फाइदा पुग्न जाने देखिन्छ ।

***लैङ्गिक जवाफदेहीताको संस्थागत व्यवस्था :*** दूतावास लैङ्गिक जवाफदेहीताको संस्थागत व्यवस्था गरी लैङ्गिक लक्ष्य हासिल गर्नुको लागि रिपोटिङ्ग व्यवस्था गर्नु आवश्यक देखिन्छ । यस प्रकारको व्यवस्थाले व्यक्तिगत प्रतिवद्धता भन्दा पनि संस्थागत प्रतिवद्धताको विकास हुनेछ ।

***सिकाइ आदान प्रदान :*** नेपालको उर्जा क्षेत्र जस्तो परम्परागत क्षेत्रमा लैङ्गिक संवेदनशील पद्धती लागू गर्ने प्रयासलाई सफल परीक्षण (pilot) को रुपमा लिन सकिन्छ । दूतावासले सिकेको पाठ र अनुभव उर्जामा संलग्न अन्य दूतावासहरुसंग बाड्‌न उपयुक्त देखिन्छ ।

***महिला र लैङ्गिक समानता अनुदानको रणनीतिक उपयोग :*** महिला र लैङ्गिक समानता अनुदानबाट दूतावासको लैङ्गिक क्षेत्रमा काम गर्न प्रोत्साहित गराउनको लागि संवाहकको कार्य गर्न सक्ने संभावना विशेष गरी गैर परम्परागत क्षेत्रमा देखिन्छ । यसबाट दूतावासले चालु कार्यक्रममा नवीन धारणाको सही समयमा प्रयोग गर्ने अवसर पनि प्रदान गरेको छ । यस अनुदानबाट प्राप्त अवसरको प्रयोग विशेष गरी गैर परम्परागत क्षेत्र (उर्जा र जलवायु परिवर्तन) गर्न उपयुक्त देखिन्छ ।

***लैङ्गिक हिंसा सम्बोधन गर्ने पहललाई सहयोग वृद्धि :*** मूल्याङ्कन टोली दूतावासको लैङ्गिक हिंसा सम्बोधन गर्ने योजनालाई समर्थन गर्दछ । यसले महिला सशक्तिकरण र पुर्ण राजनीतिक सहभागितामा आइपर्ने मुख्य बाधालाई सम्बोधन गर्नुका साथसाथै महिला, बालबालिका र  सामाजिक कल्याण मंत्रालयलाई सहायता र सबलीकरणमा सहयोग पुग्ने देखिन्छ ।

***ग्रामीण जनसंख्या र सीमान्तकृत समूहतर्फ सहयोग वृद्धि गर्ने :*** दूतावासले सीमान्तकृत समूहको महिला र ग्रामीण जनसंख्यालाई राजनीतिक छलफल र प्रक्रियामा समावेश गराउनका निम्ति महत्वपूर्ण भूमिका खेल्न सक्ने देखिन्छ । यसले पहुँच भएका व्यक्तिको अलावा अरु जनसंख्याका सशक्तिकरणका लागि प्रशिक्षण र क्षमता अभिवृद्धि गर्ने अवसर दिन सक्दछ । यस्ता गतिविधिले राजनीतिक संवाद, सार्न्दभिकता वृद्धि र महिला राजनीतिक सशक्तिकरण प्रक्रियामा नयाँ पुस्ताको सहभागिता सुनिश्चित गर्दछ ।

***आरक्षणमा सिमित नभइ महिलाको अर्थपूर्ण सहभागिता सुरक्षित गर्ने :***

नेपाली समाजमा महिला भूमिका बारे रहेको परम्परागत विचारहरुले सामाजिक, राजनीतिक र आर्थिक जीवनमा महिलाको पूर्ण सहभागिता प्राप्त गर्न बाधा पुऱ्याएको छ। नर्वेद्धारा सहयोग गरिएका परियोजनाले महिला सहभागिता सुनिश्चित गर्न कोटा आरक्षण पद्धतीलाई सुनिश्चित गराएको छ। यस्ता पद्धतीको सकारात्मक प्रभाव भएतापनि अबका चरणमा परियोजना महिलाको अर्थपूर्ण र निर्णय प्रकिया तर्फ सहभागिता अभिवृद्धि गर्न आरक्षणको संख्यामा मात्र सिमित हुनु उपयुक्त देखिदैन। उदाहरणका लागि समुदायबाट छनौट गरिएका महिलाहरुलाई प्राविधिक र नेतृत्व तालिम प्रदान गरी ग्रामीण उर्जा तथा नवीकरणीय कार्यक्रम अन्तर्गतका समितिहरुमा सहभागी गराउन सकिन्छ।

***महिलाको दोहोरो भूमिका*** (double shift) ***लाई संवोधन गर्ने :***

नर्वेबाट प्रदान गरिएको सहयोगबाट महिलाहरु लाभ प्राप्त गरेका मात्र होइनन् की उनीहरुको लागि परम्परागत भूमिकाको अलावा नया भूमिका पनि थपिन गएको देखिन्छ। यसले गर्दा महिलाहरुले दोहोरो भूमिका निर्वाह गर्नु परेको देखिन्छ। यस अवस्थामा परिवर्तन गर्नको लागि नर्वे सरकारले अन्य देशमा महिला अधिकार र लैङ्गिक समानताका लागि प्रयोग भएका सफल अभ्यासहरु (जस्तै महिलाहरुको लागि सुलभ र सस्तो शिशु स्याहार) प्रर्वद्धन गरी महिलाको दोहोरो भूमिका कम गर्न मद्दत गर्न सक्छ।



नेपाल मामला अध्ययनको पूर्ण प्रतिवेदन, पूर्ण मूल्याङ्कन प्रतिवेदन र इथोपिया र मोजाम्बिको मामला अध्ययन प्रतिवेदन (अंग्रेजीमा) मा हेर्न कृपया नोराड बेभसाइटमा जानु होला । http://www.norad.no/en/toolspublications/publications/2015/evaluation-of-Norways-support-to-womens-rights-and-gender-equality-in-evelopment-cooperation/

नोराडमा अवस्थित **मूल्याङ्कन विभाग**बाट नर्वे विकास कोषबाट यस मूल्याङ्कन संपादन गरिएको हो । विभाग आफूलाई प्राप्त अधिकारमा रही विदेश मंत्रालयलाई प्रत्यक्षरुपमा जानकारी गराउछ । यस मूल्याङ्कन स्वतन्त्र मूल्याङ्कन कर्ताहरुबाट गरिएको हो र सबै मूल्याङ्कन प्रतिवेदन सर्वसाधारणको जानकारीको लागि राखिने छ ।


अक्टोबर २०१५
१०० प्रति
ISBN: 978-82-7548-812-9
फोटो : ऐन्जेलिका अरबुलु



**Norad**
Norwegian Agency for Development Cooperation
www.norad.no
post-eval@norad.no